हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : ८८ पृष्ठ : ४ २०७७ असोज २५ गते आइतबार (Sunday 11 October 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost







मानव अधिकार र अविभेद सम्बन्धी अनुशिक्षण

## 'विद्यमान कानुनी संरचनासँग जोडेर न्यायमा पहुँचका लागी भूमिका खोज्न आग्रह'





विद्यमान कानुनी संरचनासँग जोडेर न्यायमा पहुँचका लागी आफ्नो भूमिका खोज्न स्थानीयस्तरका मुख्य अभियन्ता र अभिकर्तालाई नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ सिरहाले सखुवानन्कारकट्टि गाउँपालिका-३ मा मानव अधिकार र अविभेद सम्बन्धी तीन दिवसीय तालिम सञ्चालन गरेको छ ।

साझा आवाज परियोजना मार्फत स्थानियस्तरका मुख्य अभियन्ता र अभिकर्ता परिचालनका लागि मानव अधिकार र अविभेद सम्वन्धि ३ दिने तालिम आयोजना गरिएको हो । असोज २१ गतेदेखि सुरू भएको तालिम शुक्रबार सम्पन्न गरिएको छ ।

स्थानियस्तरमा मानवअधिकार अभियन्ता, संरक्षक, महिला समूहसहित युवा क्लबका नेतृत्वमा रहि आफ्नो भूमिका निर्वाह गर्दै आएका व्यक्तिहरू सहभागी तीन दिवसीय तालिमबाट सामाजिक, राजनितिक तथा आर्थिक जीवन लगायत प्रभावित व्यक्तिको न्यायमा पहूँच स्थापनार्थ साथै सम्वर्धनात्मक तथा सकरात्मक नेतृत्व प्रदान गर्नका लागि क्षमता अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको कार्यक्रम संयोजक जयराम विश्वकर्माले जानकारी दिए ।

उनले समुदायमा रहेका नेतृत्वदायी व्यक्तिहरूको मानव अधिकार तथा अविभेद सम्बन्धी ज्ञानमा वृद्धि हुनका साथै तालिमका सहभागीहरूले आफ्नो क्षेत्रमा हुने जातीय छुवाछूत तथा भेदभावका घटनाहरूको विश्लेषण गर्न सक्षम भएको र त्यस्ता घटनाहरूलाई मानव अधिकारसंग जोडन सक्ने विषयवस्तुबारे तालिममा छलफल भएको बताए ।

त्यसैगरी तालिममा विद्यमान कानुनी संरचनासंग जोडेर न्यायमा पहुँचका लागी आफ्नो भूमिका खोज्न र सूचनाको हक सम्वन्धी जानकारी गराइएको थियो ।

तालिममा परियोजनाका कर्मचारीले समाजमा घट्ने मानवअधिकार ज्यादतीका घटनाहरू र स्थानिय संस्थाहरूको भूमिका, भेदभाव

बाँकी ३ पेजमा

## 'घुम्टो' उघार्दै मैथिल महिला

लहान बजारबाट ३ किलोमिटर दूरीमा पुगिन्छ जहदी गाउँ । जहाँ ४५ घर दलित चमार समुदायको बसोबास छ । गाउँ ब्लक जग्गामा भरिएको झुरूप्प बस्तीको मुख्य आयस्रोत जनबनी हो । बस्ती महिला निरक्षर छन् केही पुरूष अक्षर चिन्नसक्ने छन् । त्यही बस्तीबाट महिला सशक्तिकरणमा सक्रिय रामरती राम सभासद बन्ने पहिलो महिला हुन । उनी सही गर्न र कनिकुथी अक्षर पढ्छिन ।

२०६४ को पहिलो संविधान सभामा एमालेले तिनै महिला अभियन्ता रामरतीलाई समानुपातिकबाट सभासद बनाएको थियो । सभासद कार्यकाल पछि महिला जागरणका लागि टोलका महिला समेटेर 'जागरण' महिला बचत समूह चार वर्षअघि कातिकमा गठन गरिएको थियो । त्यही महिला समूहको बैठकमा संगीहरूलाई उनी 'घुम्टो' उर्घान सचेत गराउँदै थिइन । 'लज्जा छोप्न घुम्टो ओढ्यौं' उनले भनिन् 'त्यही संस्कार बन्यो, पछि लज्जा छोप्ने घुम्टोसँगै हामी घरभित्रैं गुम्सियौं । समाजमा महिलाले स्थान पाउन मुस्किल भयो ।' अब त्यसो नर्गन उनले सचेत गराईन ।

उनको सचेतिकरणसँगै बचत समूहकी अध्यक्ष दु:खनी राम, कोषाध्यक्ष सीतादेवी राम लगायत भेलाका महिलाहरूले अनुहार देखिने गरी सारीको पछ्यौरा कपालसम्म तानिन् । २०७३ कातिकमा गठित समूहमा महिलाहरूले मासिक संकलनबाट १४ हजार रूपैयाँ बचत भएको रहेछ । घुम्टोलाई कपालसम्म उतारेकी समूह अध्यक्ष दु :खनी रामले समूहमा आबद्ध भएपछि बैठकमा बोल्नसम्म सक्ने भएको सुनाइन । 'बैठक, भेलामा बोल्न सक्दिनथे' उनले भनिन् 'तर, समूहमा आबद्ध भएपछि बोल्न सक्ने भएको छु, धक खुलेको छ । अब यही समूहबाट घुम्टो उघार्ने अभियान सुरू गर्छु ।' बचत रकमलाई सदुपयोग गर्दै जहदीकी दलित महिलाहरूले 'घुम्टो' बिरूद्धको अभियान सुरू गरेका छन् ।

समाजशास्त्री र इतिहासविदहरूका अनुसार घुम्टो प्रथाको इतिहास कोट्याउदा यसको उत्पत्ति मुस्लीम शासकको आगमनबाट भएको देखिन्छ । त्यो भन्दा पहिले समाजमा घुम्टो प्रथा थिएन भन्ने मिथिलाकी विभूति जानकी तथा विदुर्षीमार्गीहरू जस्ता महिलाहरूका अध्ययनबाट बुझिन्छ ।

११ औं शताब्दीतिर मुस्लिम शासकले आक्रमण गरेदेखि उनीहरूको संस्कृति, रितीरिवाज तथा परम्परालाई मान्न बाध्य भएको हो । पछि १५ औं तथा १६ औं शताब्दी तिर यो उत्कर्षमा थियो । त्यही बाट घोंघ प्रथाको सुरूवात भएको थियो । 'उनीहरूको प्रभाव जुन क्षेत्रमा बढी थियो त्यो भेगमा त्यत्तिकै घनीभूतरूपमा यो प्रथाले जरो गाडेको देखिन्छ' लहान क्याम्पसका समाजशास्त्रका सहप्राध्यापक शोभितलाल चौधरी भन्छन 'यद्यपि बदलिदो विश्व परिवेशमा शिक्षाको प्रचार प्रसारका कारण दिनप्रतिदिन कम हुँदै गएको छ । नेपालमा नैं शिक्षित महिलाहरूमा घुम्टो प्रथा स्वस्फूर्तरूपमा बिलाएका छनभने अशिक्षित समाजमा अद्यापी रहेको पाइन्छ ।'

मुस्लिम शासकहरूले महिलाहरूप्रति ज्यादती गर्न थालेपछि उनीहरू आफ्नो इज्जत र प्रतिष्ठा जोगाउन पनि तिनीहरू घुम्टो काढ्न विवश भए । त्यहीबाट घुम्टो काढ्न थालिएको हो । भारतमा मुस्लिम शासकहरूको अन्त्य र अंग्रेजहरूको वर्चश्वको कारण

बाँकी ३ पेजमा






## फरार अभियुक्त पक्राउ

**लहान ।** ज्यान मार्ने उद्योगका दुई फरार अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार ज्यान मार्ने उद्योग मुद्दामा फरार रहेका मिर्चैया नगरपालिका-३ का जितेन्द्र यादव र अशोक कुमार यादवलाई पक्राउ गरिएको हो । उनीहरू विरूद्ध बेचन सदालाई कुटपीट गरि घाइते बनाएको घटनामा ज्यान मार्ने उद्योग मुद्दा थियो ।

बाँकी ३ पेजमा




# सम्पादकीय

## जबरजस्ती करणी र कानुनी प्रावधान

**मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १८ मा करणी सम्बन्धी कसुरको व्यवस्था छ । करणी सम्बन्धी कसुरमा सबैभन्दा बढी उजुर वाजुर आउने भनेको दफा २१९ अन्तर्गतको जबरजस्ती करणी हो । दफा २१९ को उपदफा (२) मा 'कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा वालिकालाई जबरस्ती करणी गरेको मानिनेछ' भनी परिभाषित गरिएको छ । सोही उपदफाका स्पष्टीकरण खण्डमा 'मञ्जुरी' शब्दलाई पनि अर्थ्याइएको छ । जसअनुसार करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिनेछैन ।**

**यसप्रकार, संहितामा जबरजस्ती करणीको सम्बन्धमा स्पष्ट व्याख्या र परिभाषा दिइएपनि अहिले प्रहरीद्वारा दायर गरिने अधिकांश मुद्दामा यी तत्वहरुको विद्यमानता रहेको देखिदैंन । जबरजस्ती करणी सार्वजनिक रुपमा हुने कसुर नभई एकान्तस्थल वा एकान्तवासमा गरिने कसुर भएको हुनाले प्रहरी, अनुसन्धान गर्ने अधिकारी र स्वयं अदालतले समेत पीडितको भनाइलाई आधार बनाएर यसका आरोपितहरुलाई सुरुको अवस्थामा भागिदार बनाएको हुन्छ । यद्धपी अदालतमा दायर भएका कतिपय मुद्दामा पीडित भनिएकाको आरोप पुष्टि हुन नसक्दा कतिपय आरोपितहरुले सफाई पाएको अवस्था पनि देखिन्छ ।**

**पछिल्लो समयमा १८ वर्ष वा सोभन्दा माथि उमेर पुगेकाहरुबीच हुने सहमतिकै सम्बन्धलाई पनि जबरजस्ती करणीको रुपमा मुद्दा दर्ता गर्ने कुरा वहसको विषय बनेको छ । उमेर पुगेका युवा युवतीबीच प्रेम सम्बन्ध गाँसिदै गएपछि सहमतिमै यौन सम्बन्ध स्थापित हुने र पछि प्रेम सम्बन्ध बिग्रिएपछि सोही यौन सम्बन्धलाई जबरजस्ती करणीको अभियोग लगाउँदै मुद्दा दायर भएको पनि देखिन्छ । दफा २१९ अनुसार लगाइने अभियोगको हदम्याद एक वर्षसम्म हुने भएकोले पनि पहिले मिलोमतोमा भएको यौन सम्बन्ध पछि जबरजस्ती करणीमा परिणत हुने भएको हो । सिरहाकै सन्दर्भमा हेर्ने हो भने यौन सम्बन्ध स्थापित भएको आठदेखि १० महिनापछि पनि यस्तो उजुरी स्थानीय प्रहरी कार्यालयमा दर्ता भएको उदाहरण छ ।**

**यौन सम्बन्ध जबरजस्ती हो वा मिलोमतोमा हो भन्ने कुरा स्पष्ट पार्ने दायित्व प्रारम्भिक अवस्थामा उजुरी दिने निकाय स्थानीय प्रहरी कार्यालयकै हो । त्यसैले यो सम्बन्धमा त्यस्ता प्रहरी कार्यालयका अनुसन्धान अधिकारीहरु सचेत हुनु आवश्यक छ तर यसो भन्दैमा प्रहरी कार्यालयका अनुसन्धान अधिकारीहरुलाई जबरजस्ती वा मिलोमतो के हो भन्ने कुरा खुट्याउन सजिलो छैन । जबरजस्ती करणीको मामिलामा संहिताले महिलाको अभिव्यक्तिलाई अग्राधिकार दिएको छ जुन कुरा विवाहित दम्पतिको बीचमा हुने यौन सम्बन्धले पनि स्पष्ट पारेको छ । संहिताको दफा २१९ को उपदफा (४) मा वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जबरजस्ती करणी गरेमा पाँच वर्षसम्म कैद सजाय हुने व्यवस्था तोकेको छ । जेजस्तो भएपनि बलात्कार घटनाका दोषीले उन्मुक्ति पाउनु हुँदैन ।**

# सडक छेउको जग्गा कब्जा र मुआब्जाको विवादमा अल्झेको स्थानीय सरकार

## पालिका बहस

अधिवक्ता सन्तोष कुमार सुवेदी




काठमाण्डौ उपत्यकाभित्र पर्ने नैकाप चौक (तत्कालिन नैकाप गाविस) २०७१ सालमा चन्द्रागिरी नगरपालिका अन्तर्गत परेपछि त्यहाँ सडक विस्तार गर्न काठमाण्डौ उपत्यका सडक विस्तार आयोजना, सडक विभाग तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लागि परेर मन्त्रालय( सचिवस्तर)को एउटा टिप्पणी आदेशबाट २०७१/८/१५ मा सडक केन्द्रको ११/११ मिटर अर्थात २२ मिटरको सडक बनाउने निर्णय भयो । सोही निर्णयको आधारमा २०७२/१०/२२ मा आयोजना र तत्कालीन स्थानीय निकाय अर्थात चन्द्रागिरी नगरपालिकाले समेत सडक किनारामा बनेको घरटहरा भत्काउन रातो चिन्ह लगाउँदै उर्दी समेत जारी गऱ्यो ।

उक्त उर्दीको मारमा परेका त्यस क्षेत्रका सानु श्रेष्ठ सहित ४७ घरपरिवारका मुलीले आ^नो मौलिक अधिकार हनन भएको भन्दै सर्वोच्च अदालतमा उत्प्रेषण, परमादेशसमेतको रिट हाले । सर्वोच्च अदालतले उनीहरूको रिट सुनुवाइ गर्दै २०७४/६/२ गते निवेदकहरूको पक्षमा रिट जारी गऱ्यो । अर्थात, उक्त रिट अनुसार, सर्वोच्च अदालतले अब बन्ने कुनै पनि आयोजनाले जग्गा अधिग्रहणको सवालमा कुनै निर्णय लिंदा नेपालको संविधानले प्रत्याभूति गरेको मौलिक हक र नागरिक अधिकारको हनन् हुने किसिमले कुनै पनि नागरिकको व्यक्तिगत सम्पत्ति अधिग्रहण गर्न नसक्ने निर्देशनात्मक आदेश नै जारी गऱ्यो ।

उक्त रिटमा स्पष्टसँग सर्वोच्च अदालतले सरकारलाई निर्देशनात्मक आदेश नै जारी गर्दै भनेको छ – कुनै पनि विकास निर्माण र आयोजनाहरू सञ्चालन गर्दा समुदाय वा व्यक्तिको हकसमेत संरक्षित हुने र विकास निर्माणमा सरोकारवाला नागरिकहरूको सहभागिता वृद्धि भई विकास आयोजनामा सरोकारवालाको अपनत्व कायम हुने र लक्षित विकास आयोजनाहरू समयमा नै सम्पन्न भई विकासको प्रतिफल सबै नागरिकले उपभोग गर्ने तथा विकास आयोजनामा भएको ढिलाईका कारण बढ्ने लागत पनि कम हुने स्पष्टै देखिएको हुँदा अब जग्गा प्राप्त गर्दा निम्नानुसार गर्न निर्देशनात्मक आदेश जारी गरिएको छ :

(क) सार्वजनिक सडक ऐन, २०३१ को दफा ४ ले सडक सीमाको निम्ति जग्गा प्राप्त गर्नुपर्ने व्यवस्था गरेको हुँदा कानुन बमोजिम जग्गा प्राप्त गरेर मात्र सडक सीमा तोक्नु,

(ख) आवासको हकबाट बंचित गर्ने कार्यलाई अत्यन्तै संवेदनशील ढंगले ग्रहण गरी विकल्पहीन अवस्थामा बाहेक आवासको सुरक्षालाई प्रतिकूल असर पर्ने गरी कार्य नगर्नु नगराउनु,

(ग) आवास क्षेत्रबाट सडक निर्माण गर्नु पर्ने अवस्था उत्पन्न भएमा बालबालिकको शिक्षाको हकलाई समेत आत्मसात् गरी, उपयुक्त विकल्पको व्यवस्था गरी लाग्ने यथोचित समय प्रदान गरी, प्रतिकुल असर नपर्ने गरी व्यवस्थापन गर्नु,

(घ) सहज, सरल, प्रभावकारी र निर्विवाद रूपमा जग्गा प्राप्ति गर्ने माध्यम वार्ता भएको हुँदा विज्ञ समूहबाट सरोकारवालासँग वार्ता गरी जग्गा प्राप्त गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्नु,

(ङ) जग्गा प्राप्ति गर्दा सम्पूर्ण जग्गा आयोजनामा परी वा अधिक जग्गा परी केही जग्गा मात्र बाँकी रही उपयोगिताविहिन भई विस्थापित हुने, सो ठाउँमा भएको निर्माणबाट अधिकतम लाभ वा लाभ प्राप्त गर्ने वर्गमा विभाजित गरी विस्थापित हुनेहरूको पुर्नवास र पुर्नस्थापनाको हक समेत सम्बोधन हुने गरी समन्यायिक आधारमा जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३, १६ र जग्गा प्राप्ति नियमावली, २०२६ को व्यवस्था अनुरूप मुआब्जा र क्षतिपूर्ति निर्धारण गर्नु,

(च) वातावरण संरक्षण र पुरातात्विक महत्व राख्ने स्थलहरूको संरक्षणलाई केन्द्रविन्दुमा राखेर विकास आयोजना संचालन र निर्माण गर्नु ।

सर्वोच्च अदालतले सरकारको नाममा जारी गरेको यो निर्देशनात्मक आदेश स्थानीय तहको निर्वाचन हुनुभन्दा अगाडिको हो तर २०७२ मा जारी भएको नेपालको संविधानको मौलिक अधिकारको संरक्षणलाई मध्यनजर गर्दै गरेको यो आदेश अहिले पनि कायम नै छ । स्थानीय तहको निर्वाचनपश्चात स्थापित भएको स्थानीय सरकार यो निर्देशनबाट अछुतो रहन सक्दैन । अहिलेको अवस्थामा स्थानीय तहको सबैभन्दा ठूलो चुनौतिको विषय यही हो । स्थानीय निकायलाई स्थानीय तहमा रूपान्तरण गरेर स्थानीय सरकारको रूपमा मान्यता दिएपछि यसका केही अधिकारहरू संविधानबाटै सुरक्षित छ । त्यसैले स्थानीय तहलाई सञ्चालन गर्न पहिलेको स्थानीय निकाय सम्बन्धी कानुन खारेज गरेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ पनि जारी भएको छ । यो ऐनले पनि विकास निर्माण र भौतिक संरचनाको सवालमा स्थानीय सरकारलाई पूर्ण अधिकार दिएको छ तर अधिकारको साथमा केही कर्तव्य पालना गर्नुपर्ने दायित्व पनि बोध गराएको छ । यो अवस्थामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४५ मा उल्लेख भएको सडकको अधिकार क्षेत्र तोक्न सक्ने प्रावधान मनन् गर्नु आवश्यक देखिन्छ । सो ऐनको दफा ४५ को सडकको अधिकार क्षेत्र तोक्न सक्ने प्रावधानमा पाँच वटा उपदफाहरू छन् :

(१) गाउँपालिका तथा नगरपालिकाले आ^नो क्षेत्रभित्र स्थानीय सडकको दायाँ बायाँको अधिकार क्षेत्र (राइट अफ वे) को सीमा तोक्न सक्नेछ ।

(२) गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय तथा प्रदेशस्तरीय सडकको दायाँ बायाँ अधिकार क्षेत्र (राइट अफ वे) को मापदण्ड पालना गर्नु वा गराउनुपर्नेछ ।

(३) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) वा (२) बमोजिमको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै बखत हटाउन वा भत्काउन आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको आदेश अनुसार कुनै व्यक्ति, संस्था वा निकायले त्यस्तो संरचना नहटाएमा वा नभत्काएमा गाउँपालिका तथा नगरपालिकाले त्यस्तो संरचना आफैं हटाउन वा भत्काउन सक्नेछ र यसरी हटाउन वा भत्काउन लागेको खर्च सम्बन्धित व्यक्ति, सँस्था वा निकायबाट असुलउपर गर्नुपर्नेछ ।

(५) यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिम एकपटक तोकिएको सडकको दायाँ बायाँ अधिकार क्षेत्र (राइट अफ वे) परिवर्तन गर्दा कसैको जग्गा वा सो जग्गामा बनेको संरचना त्यसरी परिवर्तन गरिएको अधिकार क्षेत्रभित्र पर्न गएमा त्यस्तो जग्गा प्राप्त गर्दा वा सो जग्गाभित्रको संरचना हटाउँदा वा भत्काउँदा क्षतिपूर्ति दिनुपर्नेछ ।

यसप्रकार, सर्वोच्च अदालतले २०७४ मा जारी गरेको निर्देशनात्मक आदेश र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४५ को प्रावधानलाई सरसर्ती नियाल्दा पनि व्यक्तिको सम्पत्तिको हकलाई सुनिश्चितता गरिएको छ । व्यक्तिको निजी सम्पत्तिलाई कब्जा वा अधिग्रहण गर्ने हो भने स्थानीय सरकारदेखि केन्द्रिय सरकारसम्मले मुआब्जा र क्षतिपूर्ति दिनैपर्ने बाध्यता छ ।

अब कुरा गरौं पुर्व पश्चिम लोकमार्गस्थित लहान नगरपालिकाभित्र पर्ने सात ( ७) किलोमिटर सडक खण्डको, जहाँ सडक विस्तार गर्न लहान नगरपालिकाले पटक पटक सडक केन्द्रको ३१ मिटरको क्षेत्र खाली गर्न उर्दी जारी गरेको छ । जुन उर्दीलाई चुनौति दिंदै स्थानीय नगरबासी सर्वोच्च अदालतसम्म पुगेका छन् । यद्दपी सर्वोच्च अदालतले त्यसबारेमा अन्तिम फैसला दिन बाँकी नै छ अर्थात उक्त विषय सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा छ । यसरी विचाराधीन अवस्थामा रहेको विषयलाई कुनै स्थानीय सरकारले चुनौति दिने क्षमता राख्दैन । यहाँ विचारणीय कुरा अर्को पनि छ, पुर्व पश्चिम लोकमार्गको सडकको दायाँ बायाँ अधिकार क्षेत्र (राइट अफ वे) मापदण्ड निर्धारण गर्ने अधिकार कसमा छ ? निश्चय नै लोकमार्ग राष्ट्रिय राजमार्ग हो, त्यसैले यससम्बन्धि निर्णय गर्ने र यसको मापदण्ड निर्धारण गर्ने अधिकार संघीय सरकारको तर्फबाट सडक विभागको हो ।

सडक विभागले अहिलेसम्म राष्ट्रिय राजमार्गको दायाँ बायाँ अधिकार क्षेत्र ( राइट अफ वे) सडक केन्द्रको २५/२५ मिटर मात्र भनेको छ । त्यसपछि परेको बाँकी ६ मिटरको जग्गा अहिले पनि व्यक्तिको हकभोगमा छ र त्यहाँ निर्माण गरिएका अधिकांश

बाँकी ४ पेजमा

## आजको राशिफल

**मेष** :- विशिष्ट व्यक्तिको सहयोग मिल्ला । पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भईएला । बौद्धिक विकास होला । अचल सम्पत्तिको कारोवार हुनेछ ।

**वृष** :- इच्छा र आकांक्षा पूर्ण हुने भएको छ । पारिवारिक भेटघाट हुनुका साथै इष्टमित्रहरुसंग पनि मेलमिलाप हुनेछ । प्रेममा सफलता पनि पाईनेछ ।

**मिथुन** :- आज बोलीको प्रभावले अरूको मन जित्न सकिनेछ । स्वास्थ्य तथा शिक्षामा सुधार आउनेछ । सामाजिक क्षेत्रबाटपनि सफलता मिल्नेछ ।

**कर्कट** :- घरमा अतिथीको आगमन हुनेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । मुद्दा मामिलामा विजयी प्राप्त हुनेछ । सवारी साधनको खरिद बिक्री हुनेछ ।

**सिंह** :- शरीर भारि र मन अस्थिर रहने संकेत देखिन्छ । चुनौतीको सामना गर्नुपर्ला । कार्य सम्पादनमा समस्या आउला । बैदेशिक क्षेत्र कमजोर रहला ।

**कन्या** :- आज पुनर्मिलनको योग रहेको छ । बिश्वास गरेकाले साथ दिनेछन् । व्यापार व्यबसायबाट आम्दानी हुनेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ ।

**तुला** :- आज कुनै महत्त्वपूर्ण कामको जिम्मेवारी आइलाग्नसक्छ । नयाँ नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**वृश्चिक** :- आज रमणीय र सुखद् यात्राको योग छ । कला,साहित्य तथा संगीतमा रूचि बढ्नेछ । मंगल कार्यको योग छ । दिनको उत्तरार्ध सुखद रहनेछ ।

**धनु** :- प्रतिस्पर्धीहरूले तपाईंको खुट्टा तान्ने प्रयास गर्नसक्छन् । आर्थिक कारोवारमा मन्दी आउनेछ । पेट सम्बधी समस्याका साथै सामान हराउन सक्नेछ ।

**मकर** :- प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** :- आज कला,साहित्य तथा संगीतमा रूचि बढ्नेछ । नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ ।

**मिन** :- आज धनार्जनका नयाँ स्रोतहरूपत्ता लाग्नेछन् । बन्धु-बान्धव र साथीभाईबाट सहयोग मिल्नेछ । प्रेमका कोपिलाहरू पत्रिएर जानेछन् ।

### वडास्तरीय फुटबल प्रतियोगिता

# गोलबजार वडानम्बर २ विजयी



**गोलबजार ।** गोलबजारमा जारी वडा स्तरीय फुटबल प्रतियोगिताको शनिबार भएको खेलमा वडानम्बर २ विजयी भएको छ । केडीटी युथ क्लब गोलबजार नगरपालीका–७ कदिमाटोलद्वारा आयोजित प्रतियोगितामा शनिबार वडानम्बर २ र ११ बीच प्रतिस्पर्धा भएको थियो ।

गोलबजार वडानम्बर २ ले ११ लाई शून्यका विरूद्ध ७ गोल अन्तरले विजय हासिल गरेको हो । खेलमा वडानम्बर २ का जर्सी नम्बर १२ का निर्मल लामाले पहिलो ह्याट्रीक गरेका छन् । उनले ३ गोल गरे । उनी शनिबारको खेलमा 'म्यान अफ दि म्याच' घोषित भए । २ नम्बर वडाका तर्फबाट जर्सी नम्बर ९ का निश्चल लामाले २ गोल, जर्सी नम्बर १० का विशाल राई र १७ नम्बरका विनु आले मगरले १–१ गोल गरेका दिए ।

खेलमा म्यान अफ दि म्याच घोषित लामालाई वडा नम्वर ११ का अध्यक्ष रामदेव यादवले ट्रफि प्रदान गरे । यसअघि शुक्रबारको खेलमा ६ नम्वर वडा विजयी भएको थियो । शुक्रबारको खेलमा वडानम्बर ६ र १३ बीच प्रतिस्पर्धा भएको थियो ।

खेल समय अवधिभर दुवै वडाका टिमले १–१ गोल गरेपछि खेल बराबरीमा पुगेपछि थप समयमा खेलाएको पेनाल्टीमा २ –३ गोलले वडानम्बर ६ विजयी भएको हो । आयोजक क्लबका अध्यक्ष श्रवण कुमार यादवका अनुसार नगरक्षेत्रमा रहेका युवा खेलाडीहरूको प्रतिभा प्रस्फूटन गराउने उदेश्यले १३ वटै वडाका खेलाडीहरूबीच प्रतियोगितामा आयोजना गरिएको हो । उनका अनुसार प्रतियोगितामा पहिलो हुनेलाई १५ हजार र दोस्रो हुनेलाई १० हजार नगद र ट्रफि पुरस्कार हस्तान्तरण गरिनेछ ।

आइतबारको खेल वडा नम्बर २ र ११ बीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ ।

# दुध बेचेर 'दाइजो' जोहा



**पै**सा कमाएर मानिसहरू प्रायः धन सम्पती जोडछन, सहज गुजारा चलाउँछन् । तर, ३५ वर्षिया रिता यादव दुध बेचेर कमाएको पैसा आफ्ना छोरीहरूको विहेमा तिर्न 'दाइजो'का लागि जोहो गर्दैछिन् । सिरहाको लहान नगरपालिका– १३ शुकरापुरकी यादव विहानै ग्यालन, बोतल बोकी प्रत्येक दिन किसानको घरघरमा दुध संकलन गर्न पुग्ने गर्छिन् । किसानबाट संकलन गरेको दुध लहान बजारमा आएर होटल र व्यक्तिगत ग्राहकको घरघरमा गएर बेच्छिन् ।

उनको पति आनन्द यादवको ०६३ कार्तिक १४ गते हत्या भयो । उनको दुई छोरी छन् । जेठी कविता र कान्छी रमिता वस्तीपुर माविमा पढ्दैछन् । उनी भन्छिन्, 'चाहे घाम, पानी होस वा चिसो सधैं दुध बेच्न आउनै पर्छ ।' उनका अनुसार पतिको हत्यापछि छोरीको पालन पोषण र परिवार चलाउने जिम्मेवारी आफूमाथि आयो । वृद्धवृद्धा सासु–ससुरा छन् । ४ वर्ष अघि सासु पनि बितिन । यही दुध बेचेर कमाएको पैसाले परिवारको गुजारा र छोरीहरूको पढाई खर्च कटाएर 'दाइजो'का लागि पैसा जम्मा गरिरहेको उनले बताईन् ।

'दैनिक रूपमा ८० लिटर दुध बेच्ने गरेको छु,' उनले भनिन्, 'प्रतिलिटर दुध ५० रूपैयाँका दरले किसानबाट खरिद गरी बजारमा ७०–८० रूपैयाँमा बेच्ने गर्छु ।' उनी सरस्वती, पक्कीटोल र शुकरामपुर गाउँका किसानबाट दुध संकलन गरी लहान बजारमा बेच्न ल्याउँछिन् । उनी भन्छिन् 'मेरो पति आनन्द माओवादी कार्यकर्ता हुँदा हत्या भयो । राहतको लागि शान्ति समितिमा निवेदन पनि दिए तर, राहत पाइन ।' ०६२ साल पहिले हत्या भएका परिवारलाई मात्रै राहत दिने व्यवस्था हुँदा आफूलाई राहत नदिइ फर्काएको उनले बताइन् । जिल्ला प्रहरीमा पति हत्याको किटानी जाहेरी दिँदा हत्याका आरोपीहरू पक्राउ परी ६ महिनामै धरौटी रिहा भइसकेको उनले सुनाइन् ।

'सम्पतीको नाममा ४/५ कठ्ठा जमिन छ', पतिको हत्यापछि छाक टार्नसमेत समस्या पऱ्यो,' उनले भनिन्, 'सुरूका दिनमा आफ्नै घरमा रहेका गाइको दुध बेच्न सुरू गरे । विस्तारै दुधको व्यापार बढ्दै गएको छ ।' उनका अनुसार दुधबाट कमाएको पैसा अरू खर्च कम घटाएर पनि दाइजो लागि जोहो गर्नै परेको छ । 'दिनदिनै दाइजोले बिकराल रूप लिँदै गएको छ,' रिताले भनिन्, 'छोरीहरूको उमेर विहेको लागि पुग्नै आटेको छ, पैसा जम्मा नगरी सुखै छैन् ।'

कानुनले दहेज लेनदेनलाई बर्जित गरेको छ । तर पनि समाज अहिले पनि दहेज लेनदेन विनाको विवाह हुँदैन । विहेका लागि लड्का( दुलहा) खरिद नै गर्नुपरेको जस्तो लाग्न थालेको उनले सुनाइन् । दाइजो हटाउन कुरा ठुलठुला हुँदैछ तर, घटनुको साट्टो बढ्दैछ । कुराले होइन, कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा सम्म यो समस्या बिकराल बन्दै जाने उनको भनाइ छ । 'छोरीलाई जति पढाए उती दाइजो तिर्नुपर्छ,' उनले भनिन्,'आफ्नै दुई छोरीको विहेमा २० लाख भन्दा बढी खर्च हुन्छ । अहिले देखी जोहो नगरी कहाँबाट ल्याउने ? ।'

## विद्यमान...

विरूद्धको अधिकार (अविभेद र समानतााको अवधारणा समानताको हक सविधानको धारा १८ जातीय भेदभाव विरूद्धको हक संविधानको धारा २४ को जानकारी), स्थानीय न्यायिक समितिको कार्य क्षेत्र, योजना छनौटका चरणहरू र जाहेरी दरखास्त लेखनका बारेमा सहजीकरण गरेका थिए ।

त्यसैगरी पत्रकार भरत जर्घामगरले सूचनाको हक सम्बन्धी जानकारी र स्वास्थ्यकर्मी सुरेश कुमार महतोले कोरोनाको परिभाषा र यसबाट बच्ने उपायहरू र समुदायका मानिसहरूले ध्यान दिनुपर्ने कुराहरूको बारेमा सहजीकरण गरेका थिए ।

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ सिरहाका अध्यक्ष मोहन पासवानले तीन दिवसीय तालिममा समापन समारोहमा विद्यमान कानुनी संरचनासंग जोडेर न्यायमा पहुँचका लागी आफ्नो भूमिका खोज्न स्थानीयस्तरका मुख्य अभियन्ता र अभिकर्तालाई आग्रह गरे । उनले तीन दिवसीय तालिममा मानव अधिकार र नागरीकका कर्तव्यहरू, स्थानीय सरकारको भूमिका, जातीय भेदभाव र छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ को बारेमा जानकारी दिइएकोले पनि तालिम फलदायी भएको औल्याए ।

## घुम्टो...

महिलाहरूले गोद्ना हाल्नु पनि इज्जत जोगाउन नै गरेको देखिन्छ ।

इजरायल जतिकै भूभाग ओगटेको नेपालको मधेसमा मूख्यत : मैथिली, भोजपुरी, अवधी र थारू लगायत विभिन्न भाषा बोलिन्छन् । नेपालमा दोस्रो सबैभन्दा बढी बोलिने भाषा मैथिलीको प्रतिशत १२ रहेपनि मैथिली भाषीहरूको मात्र होइन भोजपुरी र अवधी भाषीमा समेत घुम्टो प्रथाले जरो गाडेको बताउँछन् नागरिक समाजका अगुवा एवं अधिकारकर्मी राजकुमार राउत कुर्मी । तर मिथिलाञ्चलमा रहेको घुम्टो प्रथाको विरूद्ध भएको गोष्ठि सेमिनारले महिलाहरूमा एक किसिमको सकारात्मक संचार भएको उनको ठम्याइ छ ।

मिथिलाञ्चलको मध्य भागमा रहेको सिरहा जिल्लामा महिलाको साक्षरता प्रतिशत अत्यन्त न्यून २० प्रतिशत हाराहारीमा रहनु र मधेसी समाजमा महिलाहरूप्रति गरिएको चर्को भेदभावले पनि यो प्रथा भित्री ग्रामीण क्षेत्रमा अद्यापि रहेको उनी बताउँछन् ।

मैथिली भाषा, संस्कृतिको उत्थान, संरक्षण तथा सम्वर्द्धनमा सक्रिय अन्तर्राष्ट्रिय मैथिली परिषदका प्रभारी रामरिझन यादव घुम्टो प्रथा अन्धविश्वास भएको र अशिक्षाको कारण यसले जरो गाडेको बताउँछन् । उनका अनुसार मूलत : मिथिलाञ्चलमा मैथिल महिलाहरूले टाउकोमा कपाल राखेपनि घुम्टो काढ्ने प्रचलन थिएन । 'मधेसका भित्री गाउँघरमा महिलाहरूले अहिले पनि ७० देखि ८० प्रतिशत सम्म घुम्टोले मुख छोप्छन् । यो मिथिलाको संस्कृति र सम्मान पनि हो' परिषदका पूर्वमहासचिव यादवले भने 'संस्कृति जोगाउनुपर्छ तर विकृत रूपलाई परिष्कृत गर्नसक्नुपर्छ ।' कुनै महिला विवाह भएर ससुरालमा जाूदा आफूभन्दा ठूला ससुरा, जेठाजु अन्य अपरिचित पुरूषलाई हेर्दाखेरी टाउको ढाक्ने परम्परा छ । सहप्राध्यापक चौधरीका अनुसार रामायण, महाभारत लगायत विभिन्न ग्रन्थहरूको अध्ययन गर्दा त्यहाँका महिलाहरूले कहिलेपनि घुम्टो काढेको देखिदैन । त्यसैले मुस्लीम शासकको अतिक्रमणभन्दा पहिले मैथिल महिलाहरूको प्रभाव समाजमा अहिलेको भन्दा बढी थियो । प्रारम्भमा महिला प्रजनन भएको समाज बिस्तारै बिस्तारै पुरूष प्रधान हुन थालेकाले महिलाहरूको शोषण, दमन तथा उत्पीडनको मात्रामा वृद्धि भएको हो ।

'मिथिलाञ्चलमा पनि शिक्षित महिलाहरूमा घुम्टो प्रथा बिस्तारै हट्न थालेको छ' यादवले भने 'महिला सशक्तिकरणका लागि केहीहदसम्म बाधक बनेको 'घुम्टो' प्रथा हटाउन शिक्षा अनिवार्य छ तर यतिले मात्र पुग्दैन यसको साथसाथै समाजमा चेतना ल्याउन अभियान चाल्नु आवश्यक छ ।'

## फरार...

त्यसैगरी प्रहरीले ज्यान मार्ने उद्योग मुद्दाका फरार प्रतिवादी मिर्चैया नगरपालिका–३ का राम कुमार यादवलाई पक्राउ गरेको छ । उनीविरूद्ध बबिता देवी यादवले आफूलाई घरमा आई घाइते बनाएको भन्दै २०७६ कात्तिक ७ गते मुद्दा दर्ता गराएकी थिइन् ।


**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऊँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोऊँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोऊँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोऊँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

# सुखिपुरमा प्रथम नगरस्तरीय दौड प्रतियोगिता सम्पन्न








**लहान ।** विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा सिरहाको सुखिपुर नगरपालिकामा शनिबार प्रथम नगरस्तरीय दौड प्रतियोगिता आयोजना गरिएको छ ।

नगर सुधार समिति सुखिपुरको आयोजनामा विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा शनिबार प्रथम नगरस्तरीय दौंड प्रतियोगिता आयोजना गरिएको हो । नगर सुधार समितिका संयोजक बिपी भुवन यादवका अनुसार 'रोग प्रतिरोधात्मक क्षमता बढाऔं, कोरोना भगाऔं भन्ने मूल नाराका साथ आयोजना गरिएको प्रथम नगरस्तरीय दौड प्रतियोगितामा सुखिपुर नगरपालिका-४ कविलासीका राजकिशोर यादवले १० किलोमिटरको निर्धारित दूरी ३७ मिनेट १० सेकेण्डमा पार गर्दै प्रथम भए । प्रथम हुन सफल राजकिशोर यादवलाई १० हजार रूपैयाँ नगद राशिसहित मेडल प्रदान गरियो । त्यसैगरी दौड प्रतियोगितको दोस्रो स्थानमा सुखिपुर नगरपालिका-८ मनोज कुमार यादव भए । उनले ५ हजार नगद र मेडल हात पारे । तेस्रो स्थानमा सुखिपुर नगरपालिका-८ कै जीतेन्द्र महतो भए । उनले ३ हजार नगद र मेडल पाए । प्रतियोगितामा चौथो स्थान सुखिपुर नगरपालिका-१० का संजीव यादवले जीत हासिल गरे । उनले २ हजार नगद र मेडल पुरस्कार प्रदान गरियो । ७३ खेलाडीले भाग लिएको प्रतियोगिताका विजयीलाई प्रमुख अतिथी प्रदेश सभा सदस्य नरेश कुमार यादव, विशिष्ट अतिथी प्रदेश सभा सदस्य मदन सेन प्रसाद श्रीवास्तव, सुनिता मोची, सुखिपुर नगरपालिका-८ का वडाध्यक्ष हरिवंश महतो र नेपाली कांग्रेस क्षेत्र नम्बर २ का क्षेत्रीय सभापति रामचन्द्र यादवले पुरस्कार वितरण गरेको आयोजक एवं सुखिपुर नगर सुधार समितिका संयोजक विपि भुवन यादवले जानकारी दिए ।

# डा. केसीको समर्थनमा गोलबजारमा अनशन

**लहान ।** चिकित्सा क्षेत्रमा सुधारको माग गर्दै अनशनरत डा.गोविन्द केसीको समर्थनमा गोलबजारका युवाहरू एकदिने अनशनमा बसेका छन् ।

डा. केसीको अनसनप्रति एक्येबद्धता जनाउँदै उनको जीवन रक्षाको लागि सरकारमाथि दबाब सृजना गराउन उनीहरु गोलबजारस्थित गोलपार्क अगाडि एकदिने अनशनमा बसेका हुन् । 'मधेश विथ डा. केसी' को बिभिन्न मागहरू लेखिएको प्लेकार्ड सहित भोकभोकै अनशनमा बसेका हुन ।

विहान ६ बजेदेखि सुरू गरिएको अनशन बेलुकी ६ बजेसम्म चलेको छ । डा. केसीका माग जायज भएपनि सरकार गैरजिम्मेवार र उदासीन देखिएको भन्दै दबाब सृजना होस् र मधेसबाट एक किसिमको सकारात्मक संदेश जाओस् भन्ने उद्देश्यले अनशन बसेको अनशनरत समूहका युवाको भनाइ थियो ।

मुलुकमा मधेसलाई हेर्ने दृष्टिकोण फरक भएकाले पनि यस्ता कार्यक्रम गरेर सकारात्मक सन्देश दिन चाहेको भोक अनशनमा बसेका युवा सन्तोष यादवले बताए । १९औं पटक अनशनरत डा. केसीको जीवन रक्षा हेतु र माग सम्बोधनका लागि सरकारलाई दबाब बनाउन मधेशका जिल्लासहित अन्य जिल्लाहरूमा समेत यस्ता रचनात्मक कार्यक्रम गर्न अनशनरत युवाहरूले अपील गरेका छन् ।

सरकारको उदासीनताले विगत २७ दिनदेखि निरन्तर अनशनमै रहेका डा. केसीको स्वास्थ्य अवस्था पछिल्लो समय नाजुक बन्दै गएको छ । नेपाल चिकित्सक संघले आइतबार देशभरका स्वास्थ्य संस्था तथा अस्पतालहरूमा आकस्मिक र कोभिड-१९ का सेवा बाहेक सम्पूर्ण स्वास्थ्य सेवा ठप्प पर्ने घोषणा गरेको छ भने आइतबारसम्म पनि सत्याग्रहको अन्त्य नभएको अवस्थामा थप कडा आन्दोलनका कार्यक्रममा जान बाध्य हुने चेतावनी दिएको छ । यसअघि संघले केसीसँगको वार्ता सकारात्मक रूपमा अगाडि बढेको भन्दै असोज २३ गते शुक्रबार तय भएको स्वास्थ्य सेवा ठप्प पार्ने कार्यक्रम स्थगित गरेको थियो । तर, केसीको माग हालसम्म पनि पूरा हुन नसकेपछि संघ फेरि आन्दोलित बनेको हो ।

## सडक ...

घरहरूको नक्सा लगनलाल चौधरी नगर प्रमुख हुँदाखेरी प्रमाणित गरेर दिइएका छन् । यो प्रावधानलाई हेर्ने हो भने, सर्वोच्च अदालतले २०७४ असोज ६ गते जारी गरेको निर्देशनात्मक आदेश विपरित लहान नगरपालिकाले कार्य गर्दैछ भन्नु अनुपयुक्त नहोला । फेरि, सडक विभागले सडकको राइट अफ वे खाली गराउँ नभनुञ्जेल नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४५ को उपदफा (२) कार्यान्वयन तथा पालना गराउने अधिकार समेत राख्दैन । अतः उच्च अदालत जनकपुर, राजबिराज इजलास हुँदै सर्वोच्च अदालत पुगिसकेको लहानको सात(७) किलोमिटरको जग्गा विवादको अन्तिम फैसला सर्वोच्च अदालतबाट नहुञ्जेल लहान नगरपालिकाले धैर्य धारण गर्ने कि !


**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट् LAHANPOST DAILY

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**गोलबजार नगरपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)